मिति २०८३/१/२४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. वजेट तर्जुमा कार्यतालिका सम्बन्धमा ।
२. बजेट शिलिङ्ग र बजेट तर्जुमा मार्गदर्शन सम्बन्धमा ।
३. नगरसभाको मिति तय गर्ने सम्बन्धमा ।
४. लिलाम बिक्री सम्बन्धमा ।
५. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
६. विषयगत समितिका बैठक सम्बन्धमा ।
७. योजना जाँचपास फरफारक सम्बन्धमा ।
८. माथिल्लो सितखोला साना जलविद्युत आयोजनाको नामसारी सम्बन्धमा ।
९. बाणगंगा खोलाको नदीजन्य पदार्थ ठेक्का व्यावस्थापन सम्बन्धमा ।
१०. नगरपालिकाको लोगो निर्माण बापत पुरस्कार सम्बन्धमा ।
११. हिटनटोला सोलार लिफ्ट खानेपानी मर्मत सम्बन्धमा ।
१२. अशोक विष्ट प्राविधिक कर्मचारी सरुवा सम्बन्धमा ।
१३. सेवा प्रवाहको समिक्षा/गुणस्तर सम्बन्धमा।
१४. विविध सम्बन्धमा ।

निर्णय नं.- १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको १९ औं नगर सभाको अधिवेशन गर्ने सन्दर्भमा तपशिल बमोजिमको कार्यतालिका बनाई काम गर्ने निर्णय गरियो । नगरसभाको लागि सभामा पेश गर्ने नीति तथा कार्यक्रमहरु निर्माण गर्न कार्यालयबाट नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत समेतले ड्राफ्ट बनाई आगामी कार्यपालिका बैठकमा पेश गरी छलफल गर्ने निर्णय गरियो ।

तालिका

| सि.नं. | कियाकलाप | मिति | जिम्मेवारी/निकाय |
|---|---|---|---|
| १ | बजेट शिलिङ्ग तथा मार्ग दर्शन र प्राथमिकताका आधार अनुमोदन तथा संसोधन | २०८३/१/२४ गते | कार्यपालिका/प्र.प्र. अधिकृत/योजना शाखा |
| २ | टोल वस्तीको भेला र वडा समितिको बैठक बाट योजना तथा कार्यकम प्राथमिकीकरण गरी पेश गर्ने | २०८३/२/२५ गते भित्र | सवै वडा कार्यालय |
| ३ | विषयगत समितिका बैठकहरु | २०८३/२/३० गते भित्र | विषयगत समिति सदस्य सचिवहरु |
| ४ | कार्यपालिका बैठक | २०८३/२/३० गते | प्रमुख |
| ५ | नगरसभाको १९ औं अधिवेशन आव्हान तथा पहिलो बैठक (नीति कार्यकम ऐनहरु पेश) | २०८३/२/१ गते | प्रमुख |
| ६ | बजेट तर्जुमा समितिको बैठक | २०८३/३/३ गते भित्र | उप प्रमुख |
| ७ | कार्यपालिका बैठक | २०८३/३/४ गते | प्रमुख |
| ८ | नगरसभाको १९ औं अधिवेशनको दोस्रो बैठक (बजेट पेश) | २०८३/३/८ गते | उप प्रमुख/प्रमुख |

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं.- २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा श्रोत अनुमान समितिबाट वडा कार्यालय तथा विषयगत समिति र शाखालाई उपलब्ध गराईएको बजेट शिलिङ्ग तथा मार्ग दर्शनमा केही संसोधन सहित बजेट शिलिङ्ग, बजेट तर्जुमाका आधार तथा मार्ग दर्शन र प्राथमिकताका क्षेत्र समेत तपशिल बमोजिम संसोधन सहित स्वीकृत गरी उपलब्ध गराउने निर्णय गरियो ।

**चालु आ.व.को प्रस्तावित, हाल सम्मको आम्दानी र आगामी आ.व.हरुको श्रोत प्रस्ताव/अनुमान**

(रु हजारमा)

| सि. नं. | आय शिर्षक | चालु आ.व.को प्रस्तावित | चालु आ.व.को चैत्र मसान्त सम्मको | आ.व.२०८३/८४ को प्रस्तावित | आ.व.२०८४/८५ को अनुमान | आ.व.२०८५/८६ को अनुमान |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आय | ३१५१२ | ५१११ | ३३७८० | ३५६५० | ४०००० |
| २ | संघीय समानीकरण अनुदान | १४३८०० | १०१२७८ | १५०००० | १५५००० | १६०००० |
| ३ | संघीय राजश्व बाँडफाँड | १६४२०० | १०९१०६ | १६७५०० | १७०००० | १७५००० |
| ४ | प्रदेश राजश्व बाँडफाँड | १९१६१ | १४२०४ | २१२६४ | २३००० | २५००० |
| ५ | प्रदेश समानीकरण अनुदान | ९६७७ | ३९६० | ९७३० | ९८०० | ९९०० |
| ६ | वैक मौज्दात सर्ने रकम | १०००० | ५४४७२ | १३००० | १०००० | १०००० |
| | जम्मा | ३७८३५० | २८८१३१ | ३९५२७४ | ४०३४५० | ४१९९०० |
| | | | | | | |
| १ | संघीय सशर्त अनुदान | ५०२२०० | १५८६८२ | ५१०००० | ५२०००० | ५३०००० |
| २ | संघीय समपुरक अनुदान | ९७०० | ० | २०००० | २१००० | २२५०० |
| ३ | संघीय विशेष अनुदान | ९००० | ० | १०००० | ११००० | १२००० |
| ४ | प्रदेश सशर्त अनुदान | १९००० | ६२७० | २०००० | २१००० | २२००० |
| ५ | प्रदेश समपुरक अनुदान | १२००० | ३९६० | २०००० | २१००० | २२००० |
| ६ | प्रदेश विशेष अनुदान | ० | ० | ४००० | ५००० | ५५०० |
| ७ | सडक वोर्ड नेपाल | ६५०० | ० | ७००० | ७५०० | ८००० |
| | जम्मा | ५५८४०० | १६८९१२ | ५९१००० | ६०६५०० | ६२२००० |
| | दुवै जम्मा | ९३६७५० | ४५७०४३ | ९८६२७४ | १००९९५० | १०४१९०० |

**आगामी आ.व. र थप २ आर्थिक वर्षको लागि नगरपालिकाले बिनियोजन गर्न मिल्ने अनुमानित बजेट**

***तपशिल***

| माथि अनुमान गरेको कुल बजेट मध्ये नगरपालिकाले बिनियोजन गर्न सक्ने देहाय बमोजिमको शिर्षकमा रकम अनुमान गरी बिनियोजन गर्ने | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | रु. हजारमा |
| शिर्षक | आ.वा. २०८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ को प्रस्तावित अनुमान | आ.व. ०८२/०८३ को संसोधित अनुमान | आ.व. ०८३/०८४ को प्रस्तावित | आ.व. ०८४/०८५ को अनुमान | आ.व. २०८५/०८६ को अनुमान अनुमान |

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| आय: | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आम्दानी/राजश्व | ५२७३७ | ३१५१२ | ३१५१२ | ३३७८० | ३७५०० | ४0000 |
| २ | संघीय समानीकरण अनुदान | ११७४५२ | १४३८00 | १४३८00 | १५0000 | १५५000 | १६0000 |
| ३ | संघीय राजश्व बाँडफाँडबाट प्राप्त | १४३७९४ | १६४२00 | १६४२00 | १६७५00 | १७0000 | १७५000 |
| ४ | प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त | २५४८७ | १९१६१ | १९१६१ | २१२६४ | २३000 | २५000 |
| ५ | प्रदेश समानीकरण अनुदान | ८९२0 | ९६७७ | ९६७७ | ९७३0 | ९८00 | ९९00 |
| ६ | बैंक मौज्दात | १६४२३ | १0000 | ५४४७२ | १३000 | १0000 | १0000 |
| | जम्मा | ३६४८१३ | ३७८३५0 | ४२२८२२ | ३९५२७४ | ४0५३00 | ४१९९00 |

**संसोधित बजेट शिलिङ्ग** **रु हजारमा**

**आगामी आ.व.को कार्यकम निर्माणको लागि विषयगत समिति अनुसार संसोधित बजेट शिलिङ्ग तपशिल अनुसार तय गर्ने**

| सि.नं. | विवरण | बिनियोजन गर्न सक्ने अनुमानित बजेट रु हजारमा | | |
|---|---|---|---|---|
| | | आ.व. २0८३/0८४ को प्रस्तावित | आ.व. २0८४/0८५ को अनुमान | आ.व. २0८५/0८६ को अनुमान |
| क | **आर्थिक विकास** | | | |
| १ | कृषि विकास शाखा तर्फ | २000 | २२00 | २५00 |
| २ | हेफरसँग साझेदारीमा कार्यकम संचालन | ५000 | ६000 | ७000 |
| ३ | पशु विकास शाखा तर्फ | १५00 | १७00 | २000 |
| ४ | सहकारी तर्फ | ३00 | ४00 | ५00 |
| ५ | पर्यटन विकास सम्वन्धि कार्यकम | १५00 | १७00 | २000 |
| ६ | उद्योग शाखा तर्फ | १000 | ११00 | १२00 |
| | | | | |
| ख | **सामाजिक विकास** | | | |
| | **शिक्षा युवा तथा खेलकुद तर्फ** | | | |
| १ | शिक्षा शाखा तर्फ | ५५00 | ५७00 | ६000 |
| २ | खेलकुद विकास तर्फ | ३000 | ३000 | ३000 |
| ३ | स्वास्थ्य शाखा तर्फ | ५५00 | ५७00 | ६000 |
| | | | | |
| | **संस्कृति संरक्षण तथा प्रर्वद्धन** | | | |
| १ | विभिन्न संस्कृति संरक्षण कार्यकम | ५00 | ५00 | ५00 |
| | **जम्मा** | | | |
| | **सामाजिक समावेशीकरण तथा लक्षित वर्ग कार्यकम** | | | |
| १ | दलितको लागि आवश्यकता अनुसारको कार्यकम संचालन | ३00 | ३00 | ५00 |
| २ | जनजातीको लागि आवश्यकता अनुसारका कार्यकम संचालन | ३00 | ३00 | ५00 |
| ३ | अपाङ्गको लागि आवश्यकता अनुसारका कार्यकम संचालन | २00 | २00 | ३00 |
| ४ | महिला सम्वन्धि कार्यकम | १५00 | १७00 | २000 |
| ५ | वालवालिका सम्वन्धि कार्यकम संचालन | १00 | २00 | ३00 |
| ६ | एकल महिला सम्वन्धि कार्यकम | २00 | ३00 | ४00 |
| ७ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन तथा दिवस कार्यकम | २00 | ३00 | ४00 |
| ८ | युवा उद्यमशिल कार्यकम | २00 | ३00 | ४00 |

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ग | पूर्वाधार विकास | | | |
| | | | | |
| १ | सडक पूर्वाधार | ८०००० | ८१००० | ८२३०० |
| | भवन तर्फ | | | |
| १ | भवन पूर्वाधार | ५००० | ६००० | ७००० |
| २ | अन्य पूर्वाधार तर्फ | ४००० | ८००० | ७५०० |
| | खानेपानी तथा सरसफाई | | | |
| १ | खानेपानी तथा सरसफाई तर्फ | ५००० | ६२०० | ७००० |
| | सिंचाई पूर्वाधार | | | |
| १ | सिंचाई तर्फका पूर्वाधार निर्माण तर्फ | ४००० | ५२०० | ६००० |
| २ | डमरुदह बहुउदेश्यीय सिंचाई योजना | १६००० | ५००० | ५००० |
| घ | वन वातावरण तथा विपद् व्यवस्थापन | | | |
| १ | विपद व्यवस्थापन तर्फ | ५००० | ५५०० | ६००० |
| २ | वन वातावरण तर्फ | १२०० | १३०० | १५०० |
| ङ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | | | |
| | सामान्य सेवा तर्फ | | | |
| १ | सामान्य सेवा सम्बिन्धी कार्यकम तर्फ | १६०० | १७०० | १८०० |
| २ | संचार सम्बन्धि कार्यकम तर्फ | १४०० | १५०० | १६०० |
| ३ | सुशासन प्रवर्द्धन तर्फ | ५००० | ५२०० | ५५०० |
| ४ | अनुसन्धान तथा विकास सम्बन्धि कार्यकम तर्फ | ३००० | ३००० | ३००० |
| ५ | विभिन्न कार्यकम समपुरक अनुदान तर्फ | ३००० | ४००० | ४००० |
| ६ | विभिन्न कोष संचालन तर्फ | १००० | ११०० | १२०० |
| ७ | अन्य विभिन्न कार्यकम तर्फ | २००० | ३००० | ४००० |
| ८ | कार्यालय संचालन तर्फ | १३९२७४ | १४१००० | १४५००० |
| ९ | नगरपालिका तर्फका विभिन्न योजना तथा कार्यकम | २०००० | १८००० | १९००० |
| | वडा तर्फ | | | |
| १ | सबै वडालाई बजेट शिलिङ्ग प्रतिवडा रु ५० लाख, ५५ लाख र ६० लाखका दरले | ७०००० | ७७००० | ७७००० |
| | कुल जम्मा प्रस्तावित व्यय | ३९५२७४ | ४०५३०० | ४१९९०० |

- आ.व.२०८३/०८४ को बार्षिक बजेट तथा कार्यकम तर्जुमा गर्ने प्रयोजनको लागि सबै वडाहरुलाई प्रति वडा रु ५० लाखको दरले बजेट शिलिङ्ग उपलब्ध गराउने ।
- बजेट शिलिङ्ग प्राप्त हुँदा फरक गरी प्राप्त भएमा सो का आधारमा बजेट शिलिङ्गमा संसोधन तथा मार्गदर्शनहरुमा समेत परिमार्जन/थप घट गर्न सकिने ।

**आ.व.२०८३/०८४ को कार्यकम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा अपनाउनु पर्ने मार्गदर्शन तथा प्राथमिकता निर्धारणको आधारहरु**

**१ बजेट तर्जुमाका आधारहरु**

- गरिवी निवारणमा प्रत्यक्षा योगदान पुग्ने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- उत्पादनमूलक र छिटो प्रतिफल प्रास गर्न सकिने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृ

Scanned with CamScanner

- आम्दानी र रोजगार बृद्धिमा टेवा पुग्ने खालको योजना तथा कार्यक्रम छनौट गर्ने ।
- लागत सहभागिता जुट्ने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- समावेशी विकासमा योगदान पुर्याउने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- दीगो विकास र वातावरण संरक्षण गर्ने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- स्थानीय भाषिक र सँस्कृतिक विकास गर्ने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- अधुरो योजना पुरा गर्ने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।
- धेरै जनसंख्या लाभान्वित हुने खालका योजना तथा कार्यक्रम छनौट गर्ने ।

**१ बजेट तर्जुमाका समष्टीगत मार्गदर्शन**

- दिगो विकास लक्ष्य प्रासिमा टेवा पुग्ने गरी कार्यक्रम तथा आयोजना छनौट गर्ने,
- नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना समेतका आचारमा र वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा टेवा पुग्ने गरी आयोजना तथा कार्यक्रम छनौट गर्ने,
- स्थानीय स्तरमा रोजगारी श्रृजना हुने, स्थानीय सीप र श्रमको प्रयोग हुने, पिछाडिएको समुदाय/क्षेत्रलाई फाईदा पुग्ने र गरिबी निवारणमा सहयोग पुर्याउने खालका आयोजना र कार्यक्रम प्रस्ताव गर्नुपर्ने,
- जनप्रतिनिधि तथा कर्मचारीको उपस्थितिमा टोल तथा बस्तीस्तरमा आम भेला गराई स्थानीयबासीको माग र आवश्यकतामा आधारित रही आयोजना तथा कार्यक्रम छनौट गर्ने,
- आयोजना तथा कार्यक्रम छनौट गर्दा वडा सदस्यको संयोजनमा (वडालाई ४ कलष्टरमा विभाजन गरी) बस्ती स्तरमा सम्बद्ध सरोकारवालाहरुको व्यापक सहभागितामा छलफल गराई आयोजना/कार्यक्रमको माग संकलन गर्नु पर्नेछ । भेलाको निर्णय सहितको माइन्यूटको फोटोकपी सहित पेश गर्नु पर्नेछ,
- बस्ती तथा टोलस्तरबाट आयोजना छनौट गर्दा महिला, दलित, आदिवासी/जनजाति, अल्पसंख्यक/सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, सामुदायिक संघ संस्था, विकास साझेदार, राजनैतिक दलहरु लगायतका सरोकारवालालाई आमन्त्रण गरी सहभागिता गराउनु पर्नेछ,
- बस्तीस्तरबाट आयोजना/कार्यक्रम संकलन गर्दा टोल वस्तीको प्राथमिकीकरण गरी गर्ने र प्राप्त भएका आयोजना तथा कार्यक्रमलाई वडा समितिले वडाको शिलिङ्गबाट सम्बोधन गर्ने योजनाहरुलाइ बजेट विनियोजन गरी वडाबाट सम्बोधन गर्न नसकिने योजना तथा कार्यक्रमहरुको प्राथमिकता किटान गरी क्षेत्र र उपक्षेत्र अनुसार छुट्टाछुट्टै सुची बनाई नगरपालिकामा पेश गर्ने,
- सकेसम्म संघ, प्रदेश र नगरसँग दोहोरो नपर्ने गरी कार्यक्रम र आयोजना प्रस्ताव गर्ने,
- आयोजना र कार्यक्रमको लाभ र लागत पक्ष विचार गरेर मात्र छनौट गर्ने,
- आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा साविकका अधुरा आयोजना पूरा हुने गरी प्रस्ताव गर्ने,
- चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका आयोजनालाई आगामी आ.व. मा सम्पन्न गर्ने गरी प्राथमिकीकरण सूचीमा समावेश गर्ने,
- आगामी वर्षको लागि आयोजना प्रस्ताव गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने खालका आयोजनाहरु मात्र प्रस्ताव गर्ने,
- नगर गौरव, वडा गौरव र नगरका प्राथमिकताका आयोजना भनि पहिचान गरेका सडक पूर्वाधारमा वडाबाट बजेट प्रस्ताव नगर्ने,

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- कार्यक्रम तथा आयोजना प्रस्ताव गर्दा पूर्वाधार क्षेत्र, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सहित पाँच क्षेत्र समेट्ने गरी प्रस्ताव गर्नुपर्ने,
- वडामा जाने विकास बजेटको कम्तिमा ६०% पूर्वाधार विकास, कम्तिमा १०% सामाजिक विकास, कम्तिमा १०% आर्थिक विकासका आयोजना तथा कार्यक्रम समावेश गरी बाँकी २०% मा अन्य दुई क्षेत्रलाई समेटी सबै क्षेत्रबाट समावेशी ढंगले कार्यक्रम र आयोजना प्रस्ताव गर्ने,
- यसरी निर्धारित मार्गदर्शन बाहिर गई बजेट प्रस्ताव गरेको पाइएमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले मार्गदर्शन बमोजिम गर्न गराउन आवश्यक निर्णय लिनुपर्नेछ,
- नगरपालिका र विषयगत शाखाका सम्पूर्ण कार्यक्रमहरुलाइ समेटी अनिवार्य रुपमा मागमा अधारित योजना निर्माणको लागि स्थानीय तहको ७ चरणको योजना तर्जुमाको प्रकृयाबाट माग भै आएका योजनाहरुलाइ वार्षिक कार्यक्रममा समावेश गरिने भएकाले योजना तथा कार्यक्रम छनौट गर्दा वस्तुगत र मागमा आधारित आयोजना तथा कार्यक्रम छनौटको सुनिश्चितता गर्ने,

२ बजेट तर्जुमाका क्षेत्रगत मार्गदर्शन

(क) आर्थिक विकास तर्फ

- आर्थिक क्षेत्र अन्तरगत कृषि, पशु, पर्यटन, सहकारी, उद्योग लगायतका उपक्षेत्र समेट्ने गरी आवश्यकता अनुसार कार्यक्रम र योजना प्रस्ताव गर्ने,
- कृषि विकास तथा पशु विकास तर्फ कार्यक्रम प्रस्ताव गर्दा नगरसँग दोहोरोपन हुने जस्तैः उत्पादनमा आधारित अनुदानका कार्यक्रममा बजेट प्रस्ताव नगर्ने,
- फर्म वा सहकारीको नाम किटान गरी अनुदानका कार्यक्रम प्रस्ताव नगर्ने,
- नगरपालिकाको नियामकीय अधिकारक्षेत्र बाहिर रहेका सहकारीको लागि सहयोग वा अनुदानका कार्यक्रम प्रस्ताव नगर्ने,
- पर्यटन तर्फ कार्यक्रम प्रस्ताव गर्दा भ्युटावर र गेट निर्माण जस्ता उत्पादनहीन आयोजना बाहेकका नागरिकको आर्थिकस्तर अभिवृद्धिमा प्रत्यक्ष टेवा दिन सक्ने प्रकृतिका कार्यक्रममा बजेट प्रस्ताव गर्ने,

(ख) सामाजिक विकास तर्फ

- सामाजिक विकास अन्तरगत कार्यक्रम र आयोजना प्रस्ताव गर्दा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, भाषा तथा संस्कृति संरक्षण, सामाजिक समावेशीकरण तथा सामाजिक समावेशीकरण, खेलकुद लगायतका उपक्षेत्रका कार्यक्रम र आयोजनालाई आवश्यकता अनुसार समावेश गर्ने,
- शिक्षा र स्वास्थ्य तर्फ सामाजिक क्षेत्र तर्फको कूल विनियोजनको कम्तिमा २५/२५ प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने,
- खेलकुद कार्यक्रमतर्फ बजेट प्रस्ताव गर्दा रु. एक लाख भन्दा बढी नहुने गरी प्रस्ताव गर्ने,
- आफ्नो वडामा रहेको लक्षित वर्ग पहिचान गरी आवश्यकता अनुसार कार्यक्रम प्रस्ताव गर्ने। लक्षित वर्ग तर्फ कार्यक्रम प्रस्ताव गर्दा लक्षित वर्गको उत्थान, विकास र आर्थिक सशक्तिकरणमा योगदान दिने खालका कार्यक्रममा जोड दिने। गोष्ठी, सेमिनार तथा भ्रमणलाई निरुत्साहित गर्ने ।

(ग) पूर्वाधार विकास तर्फ

- पूर्वाधार क्षेत्र अन्तरगत सडक, सिचाई, भवन, उर्जा लगायतका उपक्षेत्रमा आयोजना तथा कार्यक्रम बनाई बजेट प्रस्ताव गर्ने,
- संभाव्यता अध्ययन गर्न बजेट विनियोजन गर्ने गरी वडाबाट कार्यक्रम तथा आयोजना प्रस्ताव नगर्ने,

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृ

Scanned with CamScanner

- वडामा कार्यरत प्राविधिकबाट लागत अनुमान तयार गराई वा गत विगतका वर्षको लागत अनुमान विचार गरी यथार्थपरक ढंगले आयोजनामा बजेट रकम यकीन गरी आयोजना प्रस्ताव गर्ने,
- भएका सडकहरुलाइ स्तरोन्नती गरी बाह्रै महिना सडक सञ्चालन गर्न सकिने गरी सडक स्तरोन्नतीको लागि बजेट प्रस्ताव गर्ने,
- सकभर नयाँ सडक ट्र्याक खोल्ने गरी सडकमा बजेट प्रस्ताव नगर्ने,
- भवन निर्माण गर्नुपर्ने अवस्थामा भवनको लागि जग्गा यकीन भएमा मात्र आयोजना प्रस्ताव गर्ने,
- व्यक्तिको निजी जग्गामा भवन, खेल मैदान वा अन्य कुनै पूर्वाधार संरचना निर्माण नहुने गरी आयोजना प्रस्ताव गर्ने,
- वडामा जाने सिलिङबाट पूर्वाधार तर्फको कूल विनियोजनमध्ये ९०% बजेटबाट रु. १ लाख भन्दा माथिका योजना प्रस्ताव गर्ने र बाँकी १०% बजेटबाट आवश्यकता अनुसारका योजना प्रस्ताव गर्न सक्ने । यसरी विनियोजन गर्दा सकभर आयोजनाको संख्या न्यून बनाउने तर्फ जोड दिनुपर्नेछ । नगरपालिकाले रु १ लाख भन्दा कमका योजना निर्माण नगर्ने ।

(घ) वन, वातावरण र विपद व्यवस्थापन तर्फ

- वातावरण र विपद् व्यवस्थापन अन्तरगत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण लगायतका उपक्षेत्रमा आवश्यकता अनुसार कार्यक्रम र आयोजना बनाई प्रस्ताव गर्नुपर्नेछ,
- नगद आर्थिक सहायता प्रदान नगर्ने गरी भैपरी आउने विपद्जन्य घटना सम्बोधन गर्न बढीमा एक लाख रुपैयासम्म कार्यक्रमको रुपमा विनियोजन गर्न सक्ने,

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ

- संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासन अन्तरगत वडा कार्यालयबाट प्रवाह हुने सेवाको गुणस्तर सुधार, कार्यालय सुरक्षा, तथ्याङ्क संकलन, सुशासन प्रवर्द्धन, तथा आवश्यकता अनुसार अन्यत्र वर्गिकृत नभएका आयोजना वा कार्यक्रम समावेश गर्न सकिनेछ,
- सञ्चालनका लागि छुट्टै कार्यक्रम प्रस्ताव गर्न सकिने छैन,
- कार्यक्रम प्रस्ताव गर्दा नै स्पष्टसँग आयोजना वा कार्यक्रमको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ,
- सूचना तथा सञ्चार तर्फ वडाबाट सकभर कार्यक्रम प्रस्ताव नगरी नगरबाट एकद्वार प्रणालीबाट वडालाई समेत समेट्ने गरी कार्यक्रम बनाउने ।
- टोल वस्तीबाट माग भइ आउने योजना/कार्यक्रम टोलबस्ती प्राथमिकीकरण र सवै टोल वस्तीबाट आएकोलाइ वडाको शिलिङ्गबाट सञ्चालन गर्न सक्नेलाइ वडाले प्राथमिकताक्रम अनुसार र नसक्ने योजना/कार्यक्रमहरु प्राथमिकता किटान गरी देहायको स्वरुपमा टोल वस्ती, वडा र नगरमा सिफारिस गर्ने,
- टोल वस्तीको भेलाले योजना/कार्यक्रम माग गरी प्राथमिकताक्रम अनुसार माग गरेको उपस्थिति सहितको निर्णय फोटोकपी अनिर्वाय पेश गर्नु पर्ने ।

| प्राथमिकता क्रम | आयोजनाको नाम | विषय क्षेत्र | वडा नं. | अनुमानित बजेट |
|---|---|---|---|---|
| | | | | |

<u>आयोजना प्राथमिकता निर्धारणका आधारहरु</u>

- गरिवी निवारणमा प्रत्यक्षा योगदान पुग्ने

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकीय अधिकृत

- उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने
- आम्दानी र रोजगार बृद्धि गर्ने
- लागत सहभागिता जुट्ने
- स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने
- समावेशी विकासमा योगदान पुर्याउने
- दीगो विकास र वातावरण संरक्षण गर्ने
- स्थानीय भाषिक र सँस्कृतिक विकास गर्ने
- अधुरो योजना पुरा गर्ने
- धेरै जनसंख्या लाभान्वित हुने

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकाको १९ औं नगरसभाको अधिवेसनको पहिलो बैठक मिति २०८३/२/१ गते नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं . ४ माथि छलफल गर्दा नगरपालिकामा लामो समय देखि कचडाको रुपमा रहेका अति जिर्ण तथा थोत्रा हटाउनु पर्ने कवाडको रुपमा रहेका जिन्शी निरिक्षण समितिबाट लिलाम गर्नु पर्ने भनि उल्लेख भएका तपशिल बमोजिमका थोत्रा कवाड सामानहरुको नगरपालिकाको आर्थिक ऐनमा उल्लेखित दररेट समेतका आधारमा न्यूनतम मुल्य रु २८८०४। तोकी लिलाम बढावढको माध्यमबाट कवाड सामान हटाउने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | सम्पत्ति तथा जिन्सी मालसामानको विवरण | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | नाम | सख्या | प्रति के.जि | जम्मा परिमाण | दर | जम्मा | |
| १ | टायर | २९ | १६ | ४६४ | २ | ९२८ | |
| २ | Hub (हव) | ४ | ५ | २० | ३ | ६० | |
| ३ | Excel (एक्सल) | ३ | ७ | २१ | ३ | ६३ | |
| ४ | क्रस | १ | २ | २ | ३ | ६ | |
| ५ | डिजेल ट्याङ्की | १ | १६ | १६ | ३ | ४८ | |
| ६ | बम्फर | १ | ६ | ६ | ३ | १८ | |
| ७ | पछाडी चक्का ड्रम | १ | १० | १० | ३ | ३० | |
| ८ | अगाडि चक्का ड्रम | २ | ५ | १० | ३ | ३० | |
| ९ | ब्रेक सु | २ | ६ | १२ | ३ | ३६ | |
| १० | भाले-पोथी | ७ | २ | १४ | ३ | ४२ | |
| ११ | ब्ल जोइन्ट | २५ | ३ | ७५ | ३ | २२५ | |
| १२ | स्टिरिङ,र्याक | ७ | ५ | ३५ | ३ | १०५ | |
| १३ | टायर डिस | १ | १३ | १३ | ३ | ३९ | |
| १४ | आराम-बुस | ४ | २ | ८ | ३ | २४ | |
| १५ | वाटर पम्प | ३ | ३ | ९ | ३ | २७ | |
| १६ | सख्खर | १७ | १ | १७ | ३ | ५१ | |

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृ

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | बाईक कार्पेटर | १ | ३ | ३ | ३ | ९ | |
| १८ | स्पीङ | २ | ३ | ६ | ३ | १८ | |
| १९ | क्लज पिलेट | २ | ७ | १४ | ३ | ४२ | |
| २० | अगाडी चक्का(Exall) | २ | ४ | ८ | ३ | २४ | |
| २१ | वोल सिलिन्डर | १ | ० | ० | ३ | ० | |
| २२ | पट्टा साना-ठुला | १२ | ४ | ४८ | | ० | |
| २३ | हाईडोलिक पम्प | १ | ० | ० | ३ | ० | |
| २४ | एक जेष्टर | १ | १ | १ | ३ | २ | |
| २५ | वेरिङ कोन | ३ | ० | ० | ३ | ० | |
| २६ | वडी गुट्का | २ | ४ | ८ | ३ | २४ | |
| २७ | ढोका लक | ७ | १ | ४ | ३ | ११ | |
| २८ | व्यालेन्सर रड | २ | ० | ० | ३ | ० | |
| २९ | हेप वेरिङ | ५ | ०.३ | २ | ३ | ५ | |
| ३० | प्रेसर पिलेट | ७ | ५ | ३५ | ३ | १०५ | |
| ३१ | मोबिल फिल्टर | ८ | ०.५ | ४ | ३ | १२ | |
| ३२ | फ्राई बिल | १ | ०.१ | ० | ३ | ० | |
| ३३ | बुज | १४ | ०.५ | ७ | ३ | २१ | |
| ३४ | बाईको चेन | १ | ३ | ३ | ३ | ९ | |
| ३५ | झुला | २ | ० | ० | ३ | ० | |
| ३६ | बेरिङ | ५ | ० | ० | ३ | ० | |
| ३७ | क्लज किट सिलिन्डर | १ | ० | ० | ३ | ० | |
| ३८ | डिजर फिल्टर | १ | ३०० | ३०० | ३ | ९०० | |
| ३९ | डिस प्याड | ७० | ०.३ | २१.० | ३ | ६३ | |
| ४० | इसियु | १ | ० | ० | ३ | ० | |
| ४१ | सेलेम ब्यान्डेज | १ | ० | ० | ३ | ० | |
| ४२ | हप केलिमर | २ | १३ | २६ | ३ | ७८ | |
| ४३ | फाइन बेल्ट एक्जेस्टर | १ | १ | १ | ३ | ३ | |
| ४४ | ब्रेक ड्रम्प | ४ | ८ | ३२ | ३ | ९६ | |
| ४५ | डिस स्टर | ९ | ० | ० | ३ | ० | |
| ४६ | ब्रेक ल्यादर | ७० | ७.०० | ४९० | ३ | १४७० | |
| ४७ | हाइड्रेलिक बेरिन | २५ | ०.२५ | १ | ३ | २ | |
| ४८ | Stearing Racket | ३ | १० | ३० | ३ | ९० | |
| ४९ | नखुलेकों फलाम सामाग्री | १० | ३ | ३० | ३ | ९० | |
| ५० | सोलार वेट्री | ५ | ७५० | ७५० | ३२ | २४००० | |
| | | Total | | | | २८८०४ | |

## निर्णय नं. ५

प्रस्ताव नं .५ माथि छलफल गर्दा अनुगमन समितिका अध्यक्ष एवं नगर उप-प्रमुखले पेश गरेको अनुगमन प्रतिवेदन आजाको बैठकमा पेश भइ छलफल भयो । प्रतिवेदनमा उल्लेख भएबमोजिम अनुगमन समितिले गरेको सिफारिस बमोजिम भएको भुक्तानी कार्यलाइ समर्थन गर्दै थप प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने र अनुगमन समितिले दिएका सुझावहरुलाइ समेत आगामी दिनमा ध्यान दिइ सुधार गर्नु

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

पर्ने विषयमा सुधार गर्दै जाने त्यसै गरी अनुगमन समितिले हिटनटोला सोलार लिफ्ट खानेपानी मर्मत गर्नु पर्ने भनि उल्लेख गरेकोमा उक्त खानेपानी मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं .६ माथि छलफल गर्दा नगरपालिकामा रहेका सबै समितिका बैठकहरु बसी यस वर्ष हाल सम्म समितिले गरेको कार्यको प्रतिवेदन बनाइ आगामी कार्यपालिका बैठक अगाडी नै पेश गर्ने र गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं .७ माथि छलफल गर्दा चालु आ.व २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार योजना तथा कार्यक्रमहरु सम्पन्न भइ भुक्तानीको लागि कार्यालयमा पेश भएका योजना तथा कार्यक्रमहरुको तत्काल भुक्तानीको लागि मिति २०७९/९/२६ गतेको कार्यपालिका बैठकबाट गठित जाँचपाँस तथा फरफारक समितिलाइ निरन्तरता दिदै उक्त समितिको मिति २०८२/१०/२५ देखि २०८३/१/१७ गते सम्म विभिन्न मितिमा बैठक बसी जाँचपाँस तथा फरफारक भएका १४१ वटा योजना/ कार्यक्रमहरु आजको बैठकमा पेश भइ छलफल भयो । उक्त समितिबाट भएको जाँचपाँस तथा फरफारकलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं .८ माथि छलफल गर्दा उक्त प्रस्तावको सन्दर्भमा निम्न अनुसार गर्नेः-

**प्रस्ताव**

**विद्युत उत्पादनसम्बन्धमा । (नामसारी) प्रशारण अनुमति पत्र हस्तान्तरण/**

**संक्षिप्त विवरणः**

- एलायन्स इनर्जी सोलुसन्स प्रा.लि. ले यस नगरपालिकाबाट मिति २०८२/१२/०४ को कार्यपालिकाको निर्णय अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ध) (३) बमोजिम "माथिल्लो शितखोला साना जलविद्युत आयोजना" (क्षमता ९०५ कि.वा.) को विद्युत उत्पादन/प्रशारण अनुमति प्राप्त गरेकोमा, उक्त कम्पनीको स्वामित्वमा रहेका आयोजनाहरूलाई छुट्टाछुट्टै कम्पनीमार्फत विकास गर्ने दीर्घकालीन योजना र व्यवस्थापकीय सहजताका लागि सोही कम्पनीका शेयरधनीहरूको सहभागितामा स्थापित शितगंगा हाइड्रोपावर कम्पनी प्रा.लि. का नाममा उक्त अनुमति पत्र नामसारी गरिपाउन दुवै कम्पनीको तर्फबाट मिति २०८३/०१/ मा निवेदन प्राप्त हुन आएको ।

**निर्णयका कानुनी आधारहरू )Legal Grounds):**

प्रमाणित प्रतिलिपि प्रमुख प्रशासकीय अधिकृ ।

- प्रस्तुत नामसारीको विषयमा देहायका कानुनी प्रावधान, नीतिगत निर्देशन र अभ्यासहरूलाई मुख्य आधार मानिएको छः
- नेपालको संविधानको अनुसूची-८ (नम्बर ४) स्थानीय तहको एकल अधिकार अन्तर्गत "साना जलविद्युत आयोजना" (१ मेगावाटसम्म) को अधिकार स्थानीय तहमा निहित रहेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ध) (३): जसले १ मेगावाट सम्मका आयोजनाको पहिचान, अध्ययन, अनुमति, सञ्चालन र व्यवस्थापन गर्ने पूर्ण अधिकार नगरपालिकालाई प्रदान गरेको छ। 'व्यवस्थापन' शब्दले आयोजनाको स्वामित्व फेरबदल र नामसारीलाई समेत समेटने ।
- विद्युत ऐन, २०४९ को दफा ४ (५): अनुमति प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्न विद्युत ऐनमा अनुमति पत्र प्राप्त व्यक्तिले अनुमति पत्र अर्को व्यक्तिलाई हस्तान्तरण गर्नु परेमा तोकीएको अधिकारीबाट स्वीकृत लिनु पर्नेछ भन्ने प्रावधान रहेको र सोही बमोजिम यस नगरपालिका (अनुमति दिने निकाय) मा निवेदन पर्न आएको ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को कार्यविभाजन नियमावली, २०७४: प्राकृतिक स्रोत र ऊर्जाको उपयोग सम्बन्धी स्थानीय तहको क्षेत्राधिकारका विषयमा संघीय सरकार र लुम्बिनी प्रदेश सरकारले समय समयमा मार्गदर्शनहरू जारी गरेका ।
- सर्वोच्च अदालतको फैसलाहरूको मर्मः विद्युत उत्पादन अनुमति पत्र आफैमा एक 'सम्पत्ति' (Property Right) सरह हुने र यसको हस्तान्तरण प्रचलित कानुन र सम्झौताका शर्त बमोजिम गर्न सकिने भनी विद्युत विकास विभाग र विभिन्न जलविद्युत कम्पनी बीचका विवादमा फैसलाहरू भएको ।

निर्णयः-

- एलायन्स इनर्जी सोलुसन्स प्रा.लि. (दर्ता नं. ६७३३८/०६६/०६७) को नाममा यस नगरपालिकाबाट जारी भएको "माथिल्लो शितखोला साना जलविद्युत आयोजना" (९०५ कि.वा.) को विद्युत उत्पादन/प्रशारण अनुमति पत्र, सो कम्पनीको सम्पूर्ण दायित्व र अधिकार प्राप्त गर्ने गरी शितगंगा हाइड्रोपावर कम्पनी प्रा.लि. (दर्ता नं. ३२६८९१/०८१/०८२) को नाममा नामसारी (हस्तान्तरण) गरिपाउन पेश हुन आएका कागजातहरू उपर छलफल गरी उपरोक्त कानुनी आधार, दुवै कम्पनीका सञ्चालक समितिका निर्णयहरू र मिति २०८३/०१/०७ को 'स्वामित्व र दायित्व हस्तान्तरण सम्झौता' (Agreement) को अध्ययन गर्दा नामसारी गर्न मनासिब देखिएकोले निम्न शर्तहरूको अधिनमा रही देहाय बमोजिम निर्णय गरियो ।

१. एलायन्स इनर्जी सोलुसन्स प्रा.लि. को नाममा रहेको "माथिल्लो शितखोला साना जलविद्युत आयोजना" को उत्पादन/प्रशारण अनुमति पत्र र सोसँग सम्बन्धित सम्पूर्ण दायित्व (Liabilities), हक (Rights) र कर्तव्यहरू शितगंगा हाइड्रोपावर कम्पनी प्रा.लि. को नाममा हस्तान्तरण/नामसारी गर्न स्वीकृत प्रदान गर्ने ।

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

२. साविक कम्पनीले यस नगरपालिकासँग गरेका सबै पूर्व सम्झौताहरू, शर्तहरू र वित्तीय दायित्वहरू अब शितगंगा हाइड्रोपावर कम्पनी प्रा.लि. ले अनिवार्य रूपमा वहन गर्नुपर्नेछ।
३. हस्तान्तरण पश्चात आयोजनाको क्षमता (९०५ कि.वा.) र प्राविधिक पक्षमा कुनै फेरबदल गर्न पाइने छैन। यदि गर्नुपरेमा पुनः नगरपालिकाको स्वीकृति लिनुपर्नेछ।
४. साविक कम्पनीले बुझाउन बाँकी रहेका कुनै पनि राजस्व, कर वा दस्तुर भएमा ती सबै नयाँ कम्पनीले जिम्मा लिने गरी यो निर्णय गरिएको छ।
५. सोही बमोजिम साविकको अनुमति पत्रमा नामसारीको व्यहोरा उल्लेख गरी वा नयाँ अनुमति पत्र जारी गरी अभिलेख अद्यावधिक गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने ।

**निर्णय नं. ९**

प्रस्ताव नं .९ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका नदी खोलाहरु मध्ये बाणगंगा खोलाको नदिजन्य पदार्थ ठेक्का व्यावस्थापनको लागि सूचना प्रकाशन भएकोमा वडा नं. १४ वडा कार्यालयको च.नं. ७८८ मिति २०८३/१/११ को पत्र र सो पत्रसाथ संलग्न स्थानीय बासीको भेलाले गरेको निर्णय आजको बैठकमा पेश भइ छलफल भयो सो सम्बन्धमा चालु आ.व.मा उक्त खोलाको नदिजन्य पदार्थ संकलन गर्ने कार्यको ठेक्का व्यवस्थापन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं .१० माथि छलफल गर्दा यस नगरपालिकाको मिति २०७९/२/३० को सूचना अनुसार नगरपालिकाले आफ्नो लोगो निर्माण गर्ने र लोगो निर्मातालाइ उचित नगद पुरस्कारको व्यवस्था गरिनेछ भन्ने उल्लेख भएकोमा मिति २०७९/१२/१ को नगरसभाबाट अरुण अधिकारी शिनपा ३ ले निर्माण गरी पेश गरेको लोगो स्वीकृत भएकोमा निजले लोगो निर्माण कार्य बापतको पुरस्कार उपलब्ध गराइ दिन भनि निवेदन दिएकोले लोगो निर्माण गरेबापत सम्मान स्वरुप नगद पुरस्कार रु ५१०००। दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं .११ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ को हिटन टोला सोलार लिफ्ट खानेपानी योजना लगायत तपशिलका खानेपानी योजनाहरु विभिन्न मितिमा परेको चट्याङ्ग लगायतका विपदबाट क्षति खानेपानी योजना बन्द भएकोले विपदबाट क्षति भएका योजना कन्टिनजेन्शी शिर्षकबाट मर्मत कार्य गराउने निर्णय गरियो ।

*तपशिल*

(क) हिटनटोला सोलार लिफ्ट खानेपानी योजना मर्मत सुधार लागत अनुमान अनुसारको कार्य गराउने ।
(ख) कोहल पखेंरे सोलार लिफ्ट खानेपानी योजना मर्मत सुधार लागत अनुमान अनुसारको कार्य गराउने।
(ग) आपखोला लिफ्ट खानेपानी योजना मर्मत वडा नं. ५ लागत अनुमान अनुसारको कार्य ।
(घ) आपचौर लिफ्ट खा.पा.मर्मत वडा नं. ८ लागत अनुमान अनुसारको कार्य ।

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. १२**

प्रस्ताव नं .१२ माथि छलफल गर्दा लोक सेवा आयोगको कार्यालय बुटवलबाट सिफारिस भइ यस कार्यालयमा असिस्टेन्ट सब इन्जिनियर पदमा काम गरी यस कार्यालयको र मोहन्याल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कैलालीको सहमतीको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरी मोहन्याल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कैलालीमा सरुवा भइ जानुभएका अशोक बिष्टले मिति २०८३/१/१० मा हाल कार्यरत कार्यालय मोहन्याल गाउँपालिकामा पदस्थापनाको लागि कार्यपालिकाको पदस्थापना सहमती आवश्यक परेकोले उपलब्ध गराइ दिन भनि निवेदन दिएकोले माग निवेदन अनुसार पदस्थापनाको लागि निज निवेदकलाइ सहमती उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउदै जनताले सहज रुपमा गुणस्तरीय सेवा प्राप्त गर्ने गरी नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट कार्य गर्ने । सेवा प्रवाहको लागि मुख्यत निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

**वडा कार्यालयहरु तर्फ**

क) वडा अध्यक्ष कुनै कारणले केही दिन कार्यालयमा उपस्थित नभएमा जिम्मेवारी तोकी लिखित रुपमा कार्यवाहक दिने र सो को बोधार्थ यस कार्यालयलाई समेत दिने ।

ख) वडा कार्यालयमा खटाईएको वडा सचिव, वडा प्राविधिक, एक गाउँ एक प्रविधिक र कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउने, वडा सचिव लगायतका कर्मचारीहरु विदा काज वस्नु पर्ने अवस्था भएमा यस कार्यालयसँग समन्वय गरी बैकल्पिक व्यवस्था मिलाई वडा सचिवको विदा वडा अध्यक्षले सिफारिस गरी यस न.पा. कार्यालयबाट र अन्य कर्मचारीहरुको विदा वडा सचिवले स्वीकृत गराई बस्ने व्यवस्था मिलाउने । सो को जानकारी यस कार्यालयलाई लिखित रुपमा दिने ।

ग) कार्यालयबाट जनतालाई प्रदान गर्ने सेवालाई थप व्यवस्थित र सहज बनाउन कर्मचारीको उपलब्धतालाई मध्यनजर गरी सकेसम्म हेल्प डेक्सको स्थापना गर्ने ।

घ) कार्यालयमा उपस्थित हुँदा कर्मचारीहरुले अनिवार्य तोकिएको पोशाक तथा कर्मचारी परिचयपत्र लगाउनु पर्ने । सेवा ग्राहीलाई सेवा प्रदान गर्दा मुस्कान सहितको सेवा प्रदान गर्ने ।

ङ) वडा कार्यालयमा सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, नागरिक वडापत्र लाई व्यवस्थित गर्ने ।

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकीय अधिकृत

च) सवै वडाहरुमा कलर प्रिन्टरको व्यवस्था, नेट लाई सवै वडाहरुमा व्यवस्थित गर्नु पर्ने र इनभटर तथा व्यट्री समेतलाई सबै वडामा चालु अवस्थामा ल्याउने व्यवस्था मिलाउने ।

छ) वडा कार्यालयहरुले समेत सकेसम्म सूचना अधिकारी तोक्ने व्यवस्था मिलाउने ।

**नगरपालिकाको कार्यालय तर्फ**

क) नगरपालिकामा हेल्पडेक्स व्यवस्थित गर्ने, सोधपुछ कक्ष/स्तनपान कक्ष व्यवस्थित गर्ने, गुनासो सुन्ने अधिकारी तोक्ने र सेवा प्रवाह सेवा ग्राहीले अनुभुती गर्ने गरी सहज, छिटो, चुस्त र गुणस्तरिय गराउन आवश्यक व्यवस्थापन गर्ने ।

ख) कार्यालयमा सरसफाई लगायत सूचना पाटी, सुझाव पेटीका, सार्वजनिक सुनुवाई, डिजिटल सुचना प्रणाली, नागरिक वडापत्रलाई व्यवस्थित गर्ने ।

ग) कर्मचारीले मुस्कान सहितको सेवा प्रवाह गर्ने वातावरणको श्रृजना गर्ने र अनिवार्य रुपमा पोशाक लगाउने व्यवस्था मिलाउने साथै खाजा खाने समय भन्दा बाहेकको समयमा कर्मचारी शाखामा बसी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

घ) सेवा प्रवाहलाई अझ व्यवस्थित बनाउने, आवश्यक प्रकृया पुरा गरी पेश भएका सवै कार्य र सेवाहरुको शाखासँग सम्बन्धित शाखाले सोही दिन सम्पादन गर्ने गरी कार्य गर्ने व्यवस्था मिलाउने ।

(ङ) जिन्सी प्रणालीलाई व्यवस्थित गर्नको लागि नेपाल सरकारले उपलब्ध गराएको पाम्स भर्सन दुई सफ्वेयर पूर्ण रुपमा संचालनमा ल्याई कार्य गर्ने ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरुका सन्दर्भमा छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) स्वास्थ्य तर्फका कर्मचारीको व्यवस्थापन गर्ने जिम्मा नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई दिने ।

(ख) शितगंगा नगरपालिकाको पूर्ण संस्थागत प्रसूति सेवायुक्त वडा/पालिका घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड २०८३ स्वीकृत गर्ने ।

(ग) शिनपा ९ निवासी लाल बहादुर घर्ति लाई उच्च रक्तचापका कारण प्यारालाइसिसि भई उपचार गर्नु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

(घ) शिनपा ५ निवासी नारायण प्रसाद बेल्वासेको बिउने भैसी चट्याङ्ग लागि मरेकाले आर्थिक सहायता बापत रु २५०००।- दिने ।

(ङ) शितगंगा न.पा. १ निवासी यशोदा भट्टराइलाई पाठेघरको क्यान्सर लागेको र नियमित उपचार गराउनु पर्ने भएको तर निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृ ।

Scanned with CamScanner

(छ) शितगंगा न.पा. १ निवासी उदविर सिंजापतीलाई उच्च रक्तचापका कारण प्यारालाइसिसि भई उपचार गर्नु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

(ज) शितगंगा न.पा. ४ निवासी गोविन्द प्रसाद भुसाललाई मुटुको रोग लागि ग्रसित भई उपचार भईरहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

(झ) शितगंगा न.पा. ३ निवासी जिव नारायण अर्याललाई खुट्टाको क्यान्सर रोग लागि उपचारेको कममा रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

(ञ) शिनपा ३ निवासी दल बहादुर सारुको बिउने भैसी चट्याङ्ग लागि मरेकाले आर्थिक सहायता बापत रु २५०००।- दिने ।

(ट) शिनपा ४ निवासी मिन प्रसाद पौडेल खुट्टा भाचिन गई उपचारेको कममा रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

(ठ) शिनपा ३ निवासी सरिता पौडेलको श्रीमान हुतकान्त पौडेललाई पेटमा मासु पलाई ठूलो अप्रेसन गर्नु परेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

(ड) शिनपा ६ निवासी कमला पौडेल विभिन्न रोग लागि उपचारेको कममा रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।- दिने ।

(ढ) शिनपा ६ शिवादह मा.वि.बाट कक्षा ८ को परिक्षामा विद्यालय प्रथम भएका समिर न्यौपानेलाई प्रोत्साहन स्वरुप रु १५०००। दिने ।

(ण) छत्रदेव गाउँपालिकामा हुन लागेको अर्न्तरपालिका स्तरिय किकेट प्रतियोगितामा यस नगरपालिकाबाट जाने खेलाडीहरुको लागि पेश भएको खर्च प्रस्ताव अनुसारको रकम रु १२०००० र जिल्ला स्तरिय राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितामा यस नगरपालिकाबाट सहभागि हुन जाने खेलाडीहरुको लागि पेश भएको खर्च प्रस्ताव अनुसारको रकम रु २६३०००।- स्वीकृत गर्दै यस नगरपालिकाको तर्फबाट खेलकुदमा खेलाडीहरुलाई पठाउने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत